राजस्व परामर्श समितिको प्रतिवेदन

२०७७

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

२०७७

राजस्व परामर्श समितिको प्रतिवेदन

२०७७

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल।
वेबसाइटः www.bhumemun.gov.np,
इमेलः info@bhumemun@gmail.com

स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरु

मनकुमारी बुढा (विष्ट)
संयोजक
(गाउँपालिका उपाध्यक्ष)

चन्द्रसिंह श्रेष्ठ
सदस्य
(प्रमुख प्रशासकीय अधिकृत)

श्री नमिता पुन
सदस्य
(कार्यपालिका सदस्य)

श्री नविन्द्र पुन
सदस्य
(गाउँसभा सदस्य)

प्रतिनिधि
सदस्य
(स्थानीय उद्योग वाणिज्य संघ)

प्रतिनिधि
सदस्य
(स्थानीय घरेलु तथा साना उद्योग संस्था)

सदस्य-सचिव
बिजय बाँठा मगर
(लेखा सहायक पाँचौ)

भूमिका

सरकारको नीति तथा कार्यक्रम र विकास कार्यक्रम कार्यान्वयनको आधार बजेटको मेरूदण्डको रूपमा राजस्व रहेको हुन्छ । तसर्थ राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा भूमिका खेल्ने गर्दछ । स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाको आर्थिक विकास र समृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने संयन्त्रको रुपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य, निजी क्षेत्रको तर्फबाट उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी अधिकतम् ७ जनासम्म सदस्य रहने व्यवस्था रहेको छ ।

आगामी आर्थिक वर्ष २०७८।०७९ का लागि पेश हुन गइरहेको वार्षिक बजेट तथा आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्व नीति तथा कार्यक्रमका बारेमा सुझाव दिने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ । यस समितिले गाउँपालिका अन्तर्गतका विभिन्न स्थानका सरोकारवालाहरु, विभिन्न व्यक्ति एवं संस्थाहरुबाट लिखित, मौखिक तथा विभिन्न माध्ययमबाट प्राप्त सुझावहरु र समितिले अध्ययनका क्रममा देखिएको ग्याप पूरा गर्न महसुस र आवश्यकता ठानेका विषयहरु समेटेर प्रतिवेदन तयार पारिएको छ ।

नेपालले अन्तर्राष्ट्रिय फोरमहरुमा गरेका प्रतिवद्धता, विकासका अन्तरसम्बन्धित मामिलाहरु, नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा राज्यका नीति र निर्देशक सिद्धान्तलाई आधारविन्दुको रुपमा लिएर स्थानीय सरकारको हैसियतले संविधानप्रदत्त अधिकारक्षेत्रभित्र रहेर अघि सारिएका नीति, योजना तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रस्थान विन्दुको रूमा रहेको आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमले स्थानीय वित्त व्यवस्थापन र वित्त परिचालनका सम्बन्धमा स्पष्ट दिशानिर्देश गर्नु जरुरी छ। भूमे गाउँपालिकाको समृद्धिका लागि कोरिएका योजनाहरुको कार्यान्वयनका लागि आवश्यक स्रोतको परिपूर्ति गर्नुका साथै लगानीमैत्री कर प्रणालीको माध्ययमबाट दिगो एवं अनुमानयोग्य राजस्व परिचालनको सुनिश्चितता प्रदान गर्नु वर्तमान राजस्व प्रणालीको प्रमुख चुनौतिको रुपमा रहेको छ । स्थानीय सरकारको हैसियत प्राप्त गरेपछि स्थानीयस्तरमै आन्तरिक आय अभिवृद्धि गरी आत्मनिर्भरतातर्फको दिशाउन्मुख हुन राजस्व प्रणालीलाई प्रभावकारी गराउनु हाम्रो लागि पहिलो प्राथमिकता र चुनौति रहेको छ । सोही यथार्थलाई मनन् गर्दै यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरुको सफल कार्यान्वयन गर्न सकिएमा स्थानीय वित्त व्यवस्थापन एवं राजस्व परिचालनको पद्धति तथा मार्गचित्र सुनिश्चित हुनुका साथै आन्तरिक उत्पादन र रोजगारी सिर्जनाका माध्ययमबाट दिगो आर्थिक विकासका लागि योगदान पुग्न जाने विश्वास लिइएको छ ।

यो प्रतिवेदन तयारीका क्रममा समितिलाई महत्वपूर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । समितिका सबै सदस्यहरुको पूर्णता नभएमा पनि समितिमा रहेर आआफ्नो स्थानबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै धन्यवादको पात्र हुनुहुन्छ ।

मनकुमारी बुढा (विष्ट)
संयोजक,
स्थानीय राजस्व परामर्श समिति,
भूमे गाउँपालिका, रुकुम (पूर्व)

विषय सूची

परिच्छेद एकः पृष्ठभूमि 1
परिचयः 1
स्थानीय राजस्व परामर्श समितिको संरचना 1
स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार 1
परिच्छेद दुईः राजस्वको मौजुदा अवस्थाको विश्लेषण 2
राजस्व संकलन 2
चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था 2
परिच्छेद तीनः राजस्व संकलनका उद्देश्य र नीतिहरु 5
राजस्व संकलनका उद्देश्यहरुः 5
राजस्व संकलनका नीतिहरु 6
परिच्छेद चारः करका आधारहरु 7
परिच्छेद पाँचः आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर 8
परिच्छेद छः आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व दर 21
परिच्छेद सातः निश्कर्ष तथा सुझाव 23
निश्कर्ष 23
सुधारका लागि केही सुझावहरुः 23

परिच्छेद एकः पृष्ठभूमि

परिचयः

नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दर र दायराहरु, संगठनात्मक संरचना र कार्य प्रक्रिया र तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव सिफारिश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छ। अर्थतन्त्रमा सरकारी, निजी र सहकारी सबै क्षेत्रको उत्तिकै महत्व हुने कुरालाई मध्यनजर गरी २०६० सालदेखि सरकार र निजी क्षेत्रबीचको नीति सम्वादको स्थायी संयन्त्रको रुपमा काम गर्दै राजस्व परामर्श समितिमा सरकारी पदाधिकारी लगायत स्थानीय बजार र अर्थतन्त्रका अभियन्ता, निजी क्षेत्रको छाता संगठनका प्रतिनिधिहरु समेतको प्रतिनिधित्व रहने व्यवस्थाको सुरुवातसँगै संघात्मक व्यवस्थामा स्थानीय सरकार क्रियाशील रहेसँगै स्थानीय राजस्व परामर्श समितिमा पनि त्यसको निरन्तरता दिइएको छ।

स्थानीय राजस्व परामर्श समितिको संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा गाउँपालिकामा राजस्व सम्बन्धि परामर्शका लागि देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छः

(क) गाउँपालिका उपाध्यक्षः	संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना	सदस्य
(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
(च) कार्यपालिकाले तोकेको कार्यपालिका कार्यालयको राजस्व शाखा प्रमुख	सदस्य सचिव

स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन (परिमार्जन सहित), २०७४ को दफा ५.२.१ तथा गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

क) राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने,

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

परिच्छेद दुईः राजस्वको मौजुदा अवस्थाको विश्लेषण

राजस्व संकलन

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैरकर राजस्व पर्दछन्। कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन। नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारको विषयमा र साझा अधिकारको तोकिएको क्षेत्रमा मात्र स्थानीय तहले नियमानुसार कर संकलन गर्न सक्छ। यसरी हेर्दा स्थानीय तहले संकलन गर्ने करको योगदान कुल बजेटको तुलनामा सानो देखिन्छ। करको आधार बिन्दु स्थानीय तह भएकाले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र आम नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ।

चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था

गत आर्थिक वर्ष २०७७/०७७ को तुलनामा यस आर्थिक वर्ष २०७७/०७८ को साउनदेखि मङ्सिर महिनासम्म कूल राजस्व असुलीमा वृद्धि भएको देखिन्छ। गत आर्थिक वर्ष २०७६/०७७ को साउनदेखि मङ्सिर महिनासम्म प्रथम ५ महिनामा रु. ६ लाख ९५ हजार ४ सय ५५ रुपैयाँ २८ पैसा मात्र राजस्व तथा आम्दानी भएकोमा यस आर्थिक वर्ष २०७७/०७८ को सोही अवधिमा राजस्व असुलीमा वृद्धि भई रु १६ लाख ९६ हजार ७ सय ७४ रुपैँया मात्र आम्दानी भएको छ। यो आधारलाई हेर्दा चालु आर्थिक वर्षमा यही गतिमा राजस्व संकलनको अवस्था रहे गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षमा राजस्व तथा आम्दानी वृद्धि भई समयमै लक्ष्य प्राप्त हुने अवस्था देखिन्छ।

चालु आर्थिक वर्ष २०७७/०७८ को साउन महिनादेखि मङ्सिर महिनासम्मको राजस्व संकलन तथा आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ।



चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको आम्दानीको विवरणः

वडागत राजश्व शीर्षक	वडा नं १	वडा नं २	वडा नं ३	वडा नं ४	वडा नं ५	वडा नं ७	वडा नं ६	वडा नं ८	वडा नं ९	टेलिसेन्टर	पशु सेवा केन्द्र	गापा	जम्मा
एकीकृत सम्पति कर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
भूमिकर/मालपोत	16594	15671	8691	20478	33145	10432	28993	53392	8437	0	0	0	195833
घर बहाल कर	220	0	380	1147	0	0	0	1835	135	0	0	9181	12898
बहाल विटौरी कर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	0	0	0	0	0		0	0	0	0	0	0	0
अन्य मनोरञ्जन कर	0	0	1000	0	0	0	0	0	0	0	0	0	1000
कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने कर	0	0	0	0	0	0	0	0	0	0	45915	0	45915
अखेटोपहारमा लाग्ने कर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य कर	1200	0	0	3000	0	2100	0	0	0	0	0	14119	20419
औद्योगिक निकायबाट प्राप्त लाभांश	0	0	0	0	0	0	0	0	0	0	0	0	0
सरकारी सम्पतिको बहालबाट प्राप्त आय	0	0	0	0	0	0	0	0	0	0	0	26461	26461
पर्यटक शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	0	0
पदयात्रा शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	0	0
कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय	0	0	0	0	0	0	0	0	0	0	0	0	0
सरकारीसम्पत्तिको बिक्रीबाट प्राप्त रकम	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य बिक्रीबाट प्राप्त रकम	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य सेवा शुल्क तथा बिक्री	0	0	0	0	0	0	0	0	0	0	0	179000	179000
न्यायिक दस्तुर	500	500	0	500	0	0	0	0	0	0	0	0	1500
शिक्षा क्षेत्रको	0	0	0	0	0	0	0	0	0	0	0	0	0

आम्दानी													
परीक्षा शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	169500	169500
यातायात क्षेत्रको आम्दानी	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य प्रशासनिक सेवा शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	0	0
पार्किङ शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	0	0
नक्सापास दस्तुर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
सिफारिस दस्तुर	28450	43650	27600	14400	24100	14050	25400	37050	13180	0	0	14200	242080
व्यक्तिगत घटना दस्तुर	2200	650	1700	1400	1900	2900	2550	2500	50	0	0	0	15850
नाता प्रमाणित दस्तुर	3000	4450	2000	1350	4700	1300	1650	450	850	0	0	0	19750
अन्य दस्तुर	1450	2550	21434	4050	7490	2300	5300	2103	85254	0	0	36297	168228
व्यवसायिक रजिष्टेशन दस्तुर	5000	65100	0	1800	5000	3000	9000	1500	9500	0	0	187310	287210
विधुत सम्बन्धि दस्तुर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
जलस्रोत सम्बन्धि अन्य दस्तुर	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य क्षेत्रको आय	0	0	0	0	0	0	0	0	0	0	0	0	0
न्याय दण्ड जरिवाना र जफत	0	0	0	0	0	0	0	0	0	0	0	0	0
प्रशासनिक दण्ड जरिवाना र जफत	0	0	0	0	0	0	0	0	0	0	0	0	0
धरौटी सदर स्याहा	0	0	0	0	0	0	0	0	0	0	0	0	0
चालु हस्तान्तरण	0	0	0	0	0	0	0	0	0	0	0	0	0
पुजीगत हस्तान्तरण	0	0	0	0	0	0	0	0	0	0	0	0	0
विमा दावि प्राप्ति	0	0	0	0	0	0	0	0	0	0	0	0	0
प्रदुषण नियन्त्रण शुल्क	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अन्य राजस्व	0	1675	0	650	550	0	0	9845	0	535	0	0	13255
सरकारी घर जग्गा गुडविल बिक्रीबाट प्राप्त रकम	0	0	0	0	0	0	0	0	0	0	0	0	0
व्यवसाय कर	0	6500	3000	0	3500	0	3875	0	0	0	0	36000	52875
बेरुजु	0	0	0	0	0	0	0	0	0	0	0	245000	245000
निकासा फिर्ता	0	0	0	0	0	0	0	0	0	0	0	0	0
अनुदान फिर्ता	0	0	0	0	0	0	0	0	0	0	0	0	0
जम्मा	58614	140746	65805	48775	80385	36082	76768	108675	117406	535	45915	917068	1696774

परिच्छेद तीनः राजस्व संकलनका उद्देश्य र नीतिहरु

राजस्व संकलनका उद्देश्यहरुः

आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन्:

- कर सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने ।
- राजश्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अङ्गिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।
- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धि दर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।
- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानीय कर प्रणाली बारे आम पेशा, व्यवसाय र सर्वसाधारण नागरिकमा आश्वस्त पार्ने ।

राजस्व संकलनका नीतिहरु

राजस्व संकलनका उद्देश्यहरु हासिल गर्नको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गर्ने:

- सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गर्ने ।
- करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।
- राजश्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गर्ने ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको बाटो अपनाउने ।
- करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराइने व्यवस्थाको सुरु गर्ने र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाउने ।
- चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाउने ।
- करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने ।
- कर शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गर्ने ।
- कर संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने ।
- सबै पेशा व्यवसायलाई करको दायराभित्र ल्याउने ।

परिच्छेद चारः करका आधारहरु

नेपालको संविधानले दिएको अधिकार, राजस्व सम्बन्धी अधिकार, कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन् :

क) सम्पत्ति

१. अचल सम्पत्तिमा लाग्ने कर (मालपोत, घरजग्गा कर, सम्पत्ति कर)

ख) आम्दानीः

१. घर बहाल कर

ग) वस्तु तथा सेवा

१. मनोरञ्जन (प्रदेशसँग साझेदारीमा)
२. विज्ञापन कर (प्रदेशसँग साझेदारी)
३. सवारी साधन कर (प्रदेशसँग साझेदारी)
४. व्यवसाय कर

घ) सेवा शुल्क तथा दस्तुर

१. सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)
२. दस्तुर (स्थानीय तहबाट हुने सिफारिश लगायतमा)
३. पर्यटन शुल्क

परिच्छेद पाँचः

आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर

राजस्वको क्षेत्र		दायरा	चालु आ.व.को दर	प्रस्तावित दर	पुष्ट्याई	कैफियत
अनुसूची १						
सम्पत्ती कर						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व. (रु./वर्ष)**	**प्रस्तावित दर**		
१	पक्की घर	RCC ढलान घर	२०	२०	साविक बमोजिम	
२	पक्की घर	माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको	१५	१५		
३	कच्ची घर	माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको	१०	१०		
४	कच्ची घर	माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको	१०	१०		
५	कच्ची घर	माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर	५	५		
एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने ।						
अनुसूची २						
भूमि कर (मालपोत)						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु./वर्ष)**	**प्रस्तावित दर**		
१	जग्गा रजिष्ट्रेशन शुल्क		४.००%	०	साविक बमोजिम	
२	मालपोत कर	अब्बल (५०० ब.मि.)	२०	२०		
		दोयम (५०० ब.मि.)	१५	१५		
		सीम (५०० ब.मि.)	१२	१२		
		चाहार(५०० ब.मि.)	१०	१०		
३	जग्गा दाखा (तिरो कायम गर्ने)	कूल मूल्यको		०.५%		
नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ३५%, र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ। तर आ.व. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम र दर रेट अनुसार लाग्नेछ।						

अनुसूची ३						
बहाल कर						
क्र.सं.	विवरण	विस्तृत विवरण	चालु आ.व.(रु.)	प्रस्तावित दर		
१	बहाल कर	कोठा वा घरभाडाको	१०.००%	०	साविकै	
घर बहाल करका लागि विभिन्न घर/ग्यारेज/घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर (रुपैयाँमा) देहाय बमोजिम हुनेछ।						
क	"क" श्रेणीका मुख्य बजार क्षेत्रमा दोमही, सिसाघारी, खाबाङ बजार, त्रिवेणी बजार, लुकुम जल बजार क्षेत्र वरिपरि	आवास	५००	५००	साविकै	
		पसल/व्यवसाय	१०००	१०००	साविकै	
		ठूलो घुम्ती/ढेपली	१०००	१०००	साविकै	
		सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार)	५००	५००	साविकै	
ख	"ख" श्रेणीका अन्य मुख्य बजार क्षेत्र (बालुवा बजार, महत बजार, चुनबाङ गैरीगाउँ बजार)	आवास	४००	४००	साविकै	
		पसल/व्यवसाय	१०००	१०००	साविकै	
		घुम्ती /ढेपली	३००	३००	साविकै	
ङ	अन्य	ग्यारेज	१०००	१०००	साविकै	
		घुम्ती /ढेपली	२००	२००	साविकै	
अनुसूची ४						
व्यवसाय कर						
क्र.सं.	विवरण	विस्तृत विवरण	चालु आ.व.(रु.)	प्रस्तावित दर		
१	गल्ला/किराना पसल	थोक	४०००	४०००	साविकै	
		खुद्रा	२०००	२०००	साविकै	
		कम पूँजी भएका किराना (ग्रामीण)	१०००	१०००	साविकै	
		(१ लाख भन्दा कम)		०	साविकै	
२	कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल	थोक	४०००	४०००	साविकै	
		खुद्रा	२०००	२०००	साविकै	
३	लेडिज/जेन्स पार्लर/सैलुन व्यवसाय	पार्लर तथा कपाल काट्ने व्यवसाय	१०००	१०००	साविकै	
४	होटल व्यवसाय	लजिङ फुडिङ सेवाको होटल	३०००	३०००	साविकै	
		खाना, चिया, नास्ता होटल	१५००	१५००	साविकै	
		चिया, नास्ता पसल	१०००	१०००	साविकै	
५	फोटो स्टुडियो	सबै खाले	१५००	१५००	साविकै	

६	बधशाला		३०००	३०००	साविकै	
७	उद्योग	क्रसर उद्योग	१००००	१००००	साविकै	
		ग्रिल उद्योग	३०००	३०००	साविकै	
		काष्ठ/फर्निचर (ठूला पूँजी)	४०००	४०००	साविकै	
		काष्ठ/फर्निचर (साना पूँजी)	३०००	३०००	साविकै	
		कागज उद्योग	२५००	२५००	साविकै	
८	ढुंगा तथा गिट्टी बालुवा बिक्री	प्रति ट्रिप	५००	५००	साविकै	
९	सिलाइ कटाई	टेलरिङ सुविधा	३०००	३०००	साविकै	
		साधारण सिलाई कटाई	१०००	१०००	साविकै	
१०	मदिरा पसल	वितरक	८०००	८०००	साविकै	
		थोक बिक्रेता	५०००	५०००	साविकै	
		खुद्रा	१५००	१५००	साविकै	
११	औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल	बढी पूँजी (५ लाख भन्दा माथि)	५०००	५०००	साविकै	
		कम पूँजी (५ लाख भन्दा कम)	२५००	२५००	साविकै	
१२	स्वास्थ्य संस्था	क्लिनिक	५०००	५०००	साविकै	
		पोलिक्लिनिक	१००००	१००००	साविकै	
		सामुदायिक अस्पताल	१५०००	१५०००	साविकै	
१३	इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदि)	बढी पूँजी (५ लाख भन्दा माथि)	५०००	५०००	साविकै	
		कम पूँजी (५ लाख भन्दा कम)	३०००	३०००	साविकै	
१४	इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत)	बढी पूँजी (५ लाख भन्दा माथि)	३०००	३०००	साविकै	
		कम पूँजी (५ लाख भन्दा कम)	२०००	२०००	साविकै	
१५	पेट्रोलियम पदार्थ	पेट्रोल पम्प (साधारण बिक्रेता)	५०००	५०००	साविकै	
		प्याक्ट बिक्रेता	३०००	३०००	साविकै	
		ग्याँस सिलिण्डर सब डिलर	३०००	३०००	साविकै	

		मट्टितेल मात्र बिक्री	१५००	१५००	साविकै	
१६	हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/ स्टिल/ आल्मुनियम पसल	थोक	४०००	४०००	साविकै	
		खुद्रा	३०००	३०००	साविकै	
१७	भाँडा पसल (सबै खाले)	थोक	४०००	४०००	साविकै	
		खुद्रा	२०००	२०००	साविकै	
१८	स्टेशनरी तथा पुस्तक पसल	थोक	२०००	२०००	साविकै	
		खुद्रा	१०००	१०००	साविकै	
१९	पार्किङ व्यवसाय	सबै खाले	१५००	१५००	साविकै	
२०	फलफूल तथा तरकारी पसल	थोक	६००	६००	साविकै	
		खुद्रा	४००	४००	साविकै	
२१	पानी घट्ट	६ महिनाभन्दा कम चल्ने	५००	५००	साविकै	
		६ महिनाभन्दा बढी चल्ने	१०००	१०००	साविकै	
२२	वित्तीय क्षेत्र	वित्तीय संस्था (वाणिज्य बैंक)	२५००	२५००	साविकै	
		बहुउद्देश्यीय सहकारी	२५००	२५००	साविकै	
		बचत तथा ऋण सहकारी फाइनान्स कम्पनी	१५००	१५००	साविकै	
		विनियम संशोधन स्वीकृति/कार्यक्षेत्र विस्तार (छुट्टाछुट्टै)		५००	नयाँ	
		संघसंस्थाबाट माग भए बमोजिम राय		३००	नयाँ	
		सहकारी संस्था एकीकरण र विभाजन		५००	नयाँ	
		लेखापरीक्षक नियुक्ति समर्थन		५००	नयाँ	
		दर्ता खारेजी (व्यवस्था बाहेक थप)		५००	नयाँ	
		मनि ट्रान्सफर, लघु वित्त	१०००	१०००	साविकै	
२३	निजी शैक्षिक संस्था दर्ता	प्रति कक्षा रु.३००० का दरले ३ वटा सेक्सन कक्षा सम्मको	१५०००	१५०००	साविकै	

२४	शैक्षिक संस्था (निजी) कक्षा थप	प्रति कक्षा संख्या	२०००	२०००	साविकै	
२५	शैक्षिक संस्था कक्षा थप (सामुदायिक)	प्रति कक्षा संख्या	१०००	१०००	साविकै	
२६	मिल	कुटानी/पिसानी	१०००	१०००	साविकै	
		पेलानी	१५००	१५००	साविकै	
२७	सुनचाँदी पसल	गरगहना निर्माण तथा खरिद बिक्री	२५००	२५००	साविकै	
२८	मर्मत पसल	मोटर पार्टस बिक्री तथा मर्मत	१५००	१५००	साविकै	
२९	फ्रेस हाउस	खाबाङ क्षेत्र	२०००	२०००	साविकै	
		अन्य क्षेत्र	१०००	१०००	साविकै	
३०	पेन्टर पसल	पेन्टिङ/साइन बोर्ड लेख्ने काम	२०००	२०००	साविकै	
३१	परामर्श सेवा कम्पनी/व्यवसाय दर्ता	विविध कन्सल्टेन्सी दर्ता/नवीकरण		५०००	नयाँ	
३२	निर्माण व्यवसाय	"घ" वर्गको निर्माण व्यवसायी दर्ता शुल्क	१००००	१०००००	साविकै	
		निर्माण व्यवसाय सूचीकृत/नवीकरण	५०००	५०००	साविकै	
		दर्ता प्रमाणपत्र प्रतिलिपी		१०००	नयाँ	
३३	पुल हाउस व्यवसाय	पुल हाउस लगायतका व्यवसाय	५०००	५०००	साविकै	
३४	नर्सरी दर्ता/नवीकरण	कृषि तथा वन	१०००	१०००	साविकै	
३५	निजी वन दर्ता	प्रति वर्ग फिट		२	नयाँ	
३६	झोला कुम्लाको व्यापारी	पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने)	१०००	१०००	साविकै	
		कपडा बाहेकका पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने)	३००	३००	साविकै	
	अन्य नतोकिएको व्यवसाय	यस ऐनमा उल्लेख भए बाहेक	3000	३०००	साविकै	
नोटः व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने				०		

छ।						
अनुसूची ५				०		
जडिबुटी, कवाडी र जीवजन्तु कर				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु.)**	**प्रस्तावित दर**		
१	जडिबुटी निकासीका लागि सम्बन्धित निकायमा सिफारिश दस्तुर	पाँचऔंले, घोडाताप्रे, सतुवा, वन आलु लगायतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मूल्यको	५.००%	०	साविकै	
	भीर मौरीको मह	प्रचलित बजार मूल्यको (न्यूनतम्)	५.००%	०	साविकै	
२	काठ	प्रति घन फिट	५	५	साविकै	
३	कवाडी माल	सिसा, कागज, प्लाष्टिक प्रति किलो	०.५	१	साविकै	
४	खोटो	प्रति लिटर/किलो	५	५	साविकै	
५	हेम धागो	प्रति किलो	५	५	साविकै	
६	कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख	कूल मूल्यको	२.००%	०	साविकै	
अनुसूची ६				०		
	सवारी साधन कर	प्रदेश कानून बमोजिम		०		
अनुसूची ७				०		
विज्ञापन कर				०		
प्रदेश कानून बमोजिम बाहेकको अवस्थामा				०		
सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु.)**	**प्रस्तावित दर**		
१	होर्डिङ बोर्ड	प्रति वर्ग फिट	५०	५०		
२	रङ्गिन विज्ञापन (फ्लेक्स)	प्रति वर्ग फिट	२५	२५		
३	अन्य पोष्टर, पम्पलेट	प्रति वर्ग फिट	१०	१०		
अनुसूची ८				०		
मनोरञ्जन कर				०		
प्रदेश कानूनमा व्यवस्था भएको बाहेक				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु.)**	**प्रस्तावित दर**		

१	मेला महोत्सव	प्रति दिन	१०००	१०००		
२	खेलकूद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम	प्रति कार्यक्रम	१०००	१०००		
३	क्यारम बोर्ड	प्रति क्यारम बोर्ड	१०००	१०००		
अनुसूची ९				०		
बहाल बिरौटी कर				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु.)**	**प्रस्तावित दर**		
१	टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार)	(वार्षिक) प्रति वर्ग मिटर	५०	५०	साविकै	
२	टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार बाहेक)	(वार्षिक) प्रति वर्ग मिटर	२५	२५	साविकै	
३	टहरा बनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार)	(वार्षिक) प्रति वर्ग मिटर	१००	१००	साविकै	
४	टहरा बनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार बाहेक)	(वार्षिक) प्रति वर्ग मिटर	५०	५०	साविकै	
४	सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपारे वापत	प्रति दिन	१०	१०	साविकै	
५	निर्माण, रेखदेख मर्मत सम्भार खर्च	अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम		०	साविकै	
अनुसूची १०				०		
पार्किङ शुल्क (तोकिएको पार्किङ क्षेत्रमा मात्र)				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु./वर्ष)**	**प्रस्तावित दर**		
१	दुई पाङ्ग्रे सवारी साधन		५	५	साविकै	
२	चार पाङ्ग्रे सवारी साधन	प्रति घण्टा रु	5	५	साविकै	
नोटः	सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने ।			०		
अनुसूची ११				०		
ट्रेकिङ शुल्क				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.(रु.)**	**प्रस्तावित दर**		
१	स्वदेशी	प्रति दिन प्रति व्यक्ति	२०	२०	साविकै	
२	विदेशी	प्रति दिन प्रति व्यक्ति	१००	१००	साविकै	
नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट				०		
अनुसूची १२				०		

सेवा शुल्क दस्तुर				०		
सिफारिश र प्रमाणित शुल्क				०		
क्र.सं.	विवरण	विस्तृत विवरण	चालु आ.व.	प्रस्तावित दर		
१	प्रमाणित शुल्क	नाता प्रमाणित गर्ने	१५०	१५०	साविकै	
२		जन्म मिति प्रमाणित गर्ने, गराउने	१५०	१५०	साविकै	
३		विवाहित प्रमाणित	२००	२००	साविकै	
४		अविवाहित प्रमाणित गर्ने	५००	५००	साविकै	
५		घर पाताल प्रमाणित गर्ने	३००	३००	साविकै	
६		व्यक्तिगत विवरण प्रमाणित गर्ने	२००	२००	साविकै	
७		जीवितसँगको नाता प्रमाणित गर्ने	१५०	१५०	साविकै	
८		हकवाला वा हकदार प्रमाणित गर्ने	५००	५००	साविकै	
९		कागज र मन्जुरीनामा प्रमाणित गर्ने	२००	२००	साविकै	
१०		जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने	५००	५००	साविकै	
११		आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित	०	०	साविकै	
१२		संरक्षक प्रमाणित गर्ने	१५०	१५०	साविकै	
१३		आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित	५०००	५०००	साविकै	
१४	सिफारिश शुल्क	अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने	३००	३००	साविकै	
१५		अपाङ्गता सिफारिश	०	०	साविकै	
१६		नाबालक परिचयपत्र सिफारिश	५०	५०	साविकै	
१७		व्यक्तिगत संरक्षक सिफारिश गर्ने	०	०	साविकै	

१८		संस्थागत संरक्षक सिफारिश गर्ने	१५०	१५०	साविकै	
१९		नागरिकता सिफारिश	१५०	१५०	साविकै	
२०		नागरिकता प्रतिलिपी सिफारिश	१५०	१५०	साविकै	
२१		वैवाहिक अङ्गिकृत नागरिकता सिफारिश	५००	५००	साविकै	
२२		छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क)	१५०	१५०	साविकै	
२३		बहाल करको लेखाजोखा सिफारिश	१५०	१५०	साविकै	
२४		मोही लगत कट्टाको सिफारिश	१५०	१५०	साविकै	
२५		घरजग्गा करको लेखाजोखा गरी सिफारिश गर्ने	२००	२००	साविकै	
२६		व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने	१००	१००	साविकै	
२७		मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने	२००	२००	साविकै	
२८		निःशुल्क स्वास्थ्य उपचार सिफारिश	०	०	साविकै	
२९		सशुल्क स्वास्थ्य उपचार सिफारिश	१००	१००	साविकै	
३०		पुर्जामा पक्की घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) घरले चर्चेको	५	५	साविकै	
३१		पुर्जामा कच्ची घर कायम गर्न सिफारिश (प्रति वर्ग मि)	३	३	साविकै	
३२		चार किल्ला सिमाना कायम/प्रमाणित	५००	५००	साविकै	

३३		फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश	२००	२००	साविकै	
३४		नाम, थर वा जन्ममिति संशोधनको सिफारिश	२००	२००	साविकै	
३५		अस्थायी/स्थायी बसोबास सिफारिश	१५०	१५०	साविकै	
३६		जग्गा दर्ता सिफारिश	३००	३००	साविकै	
३७		जग्गाधनी पूर्जा हराएको सिफारिश	२००	२००	साविकै	
३८		कित्ताकाट गर्न सिफारिश	२००	२००	साविकै	
३९		नामसारी गर्न सिफारिश	२००	२००	साविकै	
४०		जग्गाको हक सम्बन्धमा सिफारिश	२००	२००	साविकै	
४१		घर बाटो सिफारिश	३००	३००	साविकै	
४२		घर बाटो नभएको सिफारिश	३००	३००	साविकै	
४३		मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश	१५०	१५०	साविकै	
४४		जीवित रहेको सिफारिश	१५०	१५०	साविकै	
४५		उद्योग ठाउँसारी गर्न सिफारिश	५००	५००	साविकै	
५०		पालन पोषणका लागि सिफारिश	०	०	साविकै	
५१		धारा जडानको लागि सिफारिश	५०	५०	साविकै	
५२		विद्युत जडानको लागि सिफारिश	५०	५०	साविकै	
५४		व्यवसाय नवीकरण सिफारिश	३००	३००	साविकै	

५३	संघ संस्था	संस्था दर्ता/नविकरण/कार्य क्षेत्र स्वीकृति सिफारिश	५००	५००	साविकै	
		टोल विकास संस्था दर्ता/नवीकरण		१०००	नयाँ	
५४	शिक्षा सम्बन्धी	विद्यालय खोल्न सिफारिश	१०००	१०००	साविकै	
५५		सामुदायिक विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा)	५००	५००	साविकै	
५६		निजी विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा)	१०००	१०००	साविकै	
५७		विद्यालय ठाउँसारी गर्न सिफारिश	५००	५००	साविकै	
५८		कक्षा ८ को मार्कसीट प्रतिलिपी	२००	२००	साविकै	
५९		शिक्षक सरुवा सहमति/अनुमति (मा.वि.)	१५००	१५००	साविकै	
६०		शिक्षक सरुवा सहमति/अनुमति (आ.वि.)	१०००	१०००	साविकै	
६१	कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने		५००	५००	साविकै	
६२	सर्जिमिन मुचुल्का		५००	५००	साविकै	
६३	योजना सम्झौता शुल्क	उपभोक्ता समिति	५००	५००	साविकै	
६४	योजनाको भुक्तानी/फरफारक सिफारिश		५००	५००	साविकै	
६५	नेपाल सरकारको नाममा बाटो कायम सिफारिश		५००	५००	साविकै	
६६	उद्योग दर्ता सिफारिश		१०००	१०००	साविकै	
६७	कोर्ट फि मिनाहा सिफारिश		०	०	साविकै	
६८	चौपाया सम्बन्धी सिफारिश	प्रति चौपाया	५०	५०	साविकै	
६९	आयात निर्यातमा चौपाया स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाया सिफारिश शुल्क	भैंसी/राँगो	२००	२००	साविकै	
		भैंसी/राँगो (१ देखि २ वर्ष)	१००	१००	साविकै	

		गाई/गोरु	५०	५०	साविकै	
		बाख्रा/भेडा/खसी/बोका	५०	५०	साविकै	
		कुखुरा/हाँस	५	५	साविकै	
		कुखुरा/हाँस चल्ला	१	१	साविकै	
७०	घर नक्सा पास/नामसारी दस्तुर	नयाँ घर नक्सा पास (प्रति व.फि.)		६	नयाँ	
		नक्सा संशोधन (प्रति व.फि.)		५	नयाँ	
		नक्सा नामसारी (प्रति व.फि.)		३	नयाँ	
७१	घर नक्सा प्रतिलिपी प्रमाणित/नवीकरण	नक्सा प्रतिलिपी (प्रति व.फि.)		३	नयाँ	
		निर्माण म्याद थप (नवीकरण) प्रतिमहिना		२०००	नयाँ	
७२	घर सम्पन्न प्रमाणित/अभिलेखीकरण	पुरानो पक्की घर अभिलेखीकरण (प्रति व.फि.)		५	साविकै	
		कच्ची घर (प्रति घर)	१०००	१०००	साविकै	
७३	व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निशुल्क)	जन्म दर्ता	५०	५०	साविकै	
		मत्यु दर्ता	५०	५०	साविकै	
		विवाह दर्ता	५०	५०	साविकै	
		बसाइसराइ (आउने/जाने)	५०	५०	साविकै	
		सम्बन्ध बिच्छेद	५०	५०	साविकै	
७४	न्यायिक समिति दस्तुर	निवेदन पेश गर्दा	१००	१००	साविकै	
		प्रतिउत्तर पत्र पेश गर्दा	१००	१००	साविकै	
		मेलमिलाप दस्तुर	५००	५००	साविकै	
		नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको	५	५	साविकै	
		न्यायिक समितिको निर्णय प्रति पृष्ठ	५	५	साविकै	
		लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति	५	५	साविकै	

		पानाको				
७५	वन पैदावार	वन पैदावार जन्य निकासी दस्तुर (प्रति क्यूफि)	रु. ५ /	रु. ५ /	साविकै	
७६	स्थानीय स्लेट दस्तुर	बिक्री मूल्यको	२.००%	०	साविकै	
७७	जलस्रोत	जलस्रोत समिति दर्ता नविकरण	३०००	३०००	साविकै	
७८	बैंक खाता खोल्न सिफारिश	पालिकाको योजनामा उसलाई निःशुल्क		१५०	थप	
७९	अन्य सिफारिस			१५०	थप	
अनुसूची १३				०		
पर्यटन शुल्क (प्रतिदिन)				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.**	**प्रस्तावित दर**		
१	दृष्यावलोकन	स्वदेशी	५०	५०	साविकै	
		विदेशी	१००	१००	साविकै	
२	अध्ययन भ्रमण	स्वदेशी	५०	५०	साविकै	
		विदेशी	१००	१००	साविकै	
नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट, अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क				०		
अनुसूची १४				०		
फोहोरमैला व्यवस्थापन शुल्क				०		
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**चालु आ.व.**	**प्रस्तावित दर**		
१	होटल व्यवसाय	वार्षिक	५००	५००	साविकै	
२	पसल	वार्षिक	२००	२००	साविकै	
३	घरबाट निस्कने फोहर	वार्षिक	१००	१००	साविकै	
तोकिएको स्थान बाहेक जथाभावी फोहर गर्ने, थुपार्ने कार्य गरेमा कानून बमोजिम थप जरिवाना गरिने ।						

परिच्छेद छः आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व दर

सि. नं.	राजस्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामी आ.व.को अनुमान	कैफियत
१	एकीकृत सम्पति कर	०.		०	
२	भूमिकर/मालपोत	८२९०६३.	७५००००	७८७५००	
३	घर बहाल कर	४७२८०.	५५०००	५७७५०	
४	बहाल विटौरी कर	१२००.		०	
५	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०.		५००००	
६	अन्य मनोरञ्जन कर	०.	५०००	१००००	
७	कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने कर	९६७२६.	६००००	६३०००	
८	अखेटोपहारमा लाग्ने कर	०.		०	
९	अन्य कर	३९४७६९.	३००००	३१५००	
१०	औद्योगिक निकायबाट प्राप्त लाभांश	०.		०	
११	सरकारी सम्पतिको बहालबाट प्राप्त आय	०.	२५००००	२६२५००	
१२	पर्यटक शुल्क	०.		०	
१३	पदयात्रा शुल्क	०.		०	
१४	कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय	०.	१०००००	१०५०००	
१५	सरकारीसम्पत्तिको बिक्रीबाट प्राप्त रकम	०.		०	
१६	अन्य बिक्रीबाट प्राप्त रकम	०.		०	
१७	अन्य सेवा शुल्क तथा बिक्री	५४७३००.	२००००	२१०००	
१८	न्यायिक दस्तुर	०.	३०००	३१५०	
१९	शिक्षा क्षेत्रको आम्दानी	०.		०	
२०	परीक्षा शुल्क	८०५०.	२०००००	२१००००	
२१	यातायात क्षेत्रको आम्दानी	०.		०	
२२	अन्य प्रशासनिक सेवा शुल्क	४५२९२९.	३७५०००	३९३७५०	
२३	पार्किङ शुल्क	०.		०	
२४	नक्सापास दस्तुर	०.		०	
२५	सिफारिस दस्तुर	८३०९४५.	७५००००	७८७५००	
२६	व्यक्तिगत घटना दस्तुर	२०७५०.	४००००	४२०००	०
२७	नाता प्रमाणित दस्तुर	६४००.	३५०००	३६७५०	
२८	अन्य दस्तुर	१९२३५.	२२५०००	२३६२५०	
२९	व्यवसायिक रजिष्टेशन दस्तुर	५५४००.	४०००००	४२००००	
३०	विधुत सम्बन्धि दस्तुर	०.		०	

३१	जलस्रोत सम्बन्धि अन्य दस्तुर	०.	४५०००	४७२५०	
३२	अन्य क्षेत्रको आय	२१५०.	५०००	५२५०	
३३	न्याय दण्ड जरिवाना र जफत	०.		०	
३४	प्रशासनिक दण्ड जरिवाना र जफत	०.	५००००	५२५००	
३५	धरौटी सदर स्याहा	०.	१०००००	१०५०००	
३६	चालु हस्तान्तरण	०.		०	
३७	पुजीगत हस्तान्तरण	०.		०	
३८	विमा दावि प्राप्ति	०.		०	
३९	प्रदुषण नियन्त्रण शुल्क	०.		०	
४०	अन्य राजस्व	११४६३५.	३००००	३१५००	
४१	सरकारी घर जग्गा गुडविल बिक्रीबाट प्राप्त रकम	०.		०	
४२	व्यवसाय कर	२३९६००.	२०००००	२१००००	
४३	बेरुजु	५७६०००.	७०००००	७३५०००	
४४	निकासा फिर्ता	०.		०	
४५	अनुदान फिर्ता	०.		०	
	जम्मा	४२४२४३२.	४४२८०००	४७०४१५०	

परिच्छेद सातः निश्कर्ष तथा सुझाव

निश्कर्ष

नेपालको संविधानको अनुसूची ८ तथा नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम व्यक्तिको अचल सम्पत्तिमा लाग्ने मालपोत, घर जग्गा कर, सम्पत्ति कर, घरबहालबाट हुने आम्दानी कर, व्यवसाय कर तथा स्थानीय पूर्वाधार सेवा उपयोग र सिफारिश लगायतमा दस्तुरबाट स्थानीय तहले एकल रुपमा आम्दानी प्राप्त गर्न सक्ने व्यवस्था छ भने मनोरञ्जन कर, विज्ञापन कर र सवारी साधन कर लगायतका करहरु प्रदेश सरकारसँग साझा रुपमा आम्दानी गर्न सक्ने व्यवस्था छ।

सोही आधारमा भूमे गाउँपालिकाले हालसम्म संकलन गरेको कर तथा राजस्वको आम्दानी सकारात्मक दिशाउन्मुख देखिन्छ। साविक स्थानीय निकायको रुपमा साविकका महत, मोराबाङ, काँक्री, काँडा र चुनबाङ गा.वि.स. को आम्दानीको तुलनामा हालको राजस्व तथा आम्दानीको विवरण तुलना गर्दा कर तथा राजस्व संकलन र सदुपयोगमा निकै सुधार आएको मान्न सकिन्छ। आर्थिक वर्ष २०७४।०७५ देखि २०७५।०७६ र २०७६।०७७ सम्म आउँदा आन्तरिक आम्दानीको आकारमा क्रमशः सकारात्मक परिवर्तन आइरहेको छ। यद्यपी, अझैं पनि सबै व्यक्ति, व्यवसायीहरु कर प्रक्रिया र दायरामा आइसकेको भने देखिँदैन। आगामी दिनमा कर प्रणाली र आम्दानीलाई व्यवस्थित गर्न गाउँपालिकाकोतर्फबाट केही सुधारोन्मुख कदमहरु चालेको खण्डमा गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी हुनुका साथै देशकै कर प्रशासनमा टेवा पुग्ने निश्कर्ष समितिको रहेको छ।

सुधारका लागि केही सुझावहरुः

क) कर प्रणालीमा सुधार गर्न व्यवस्थापन सूचना प्रणालीको अवलम्बनका साथै नवीनतम् प्रविधिहरुको उपयोगमा जोड दिने।

ख) करदाताले तिरेको करको विवरण एकीकृत कार्ड बनाई कर तिरेका करदाताहरुको विवरण प्रकाशनको व्यवस्था मिलाउने।

ग) आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्न आन्तरिक राजस्व कार्यालयसँग समेत समन्वय गरी व्यवसाय दर्तालाई अनिवार्य गर्ने।

घ) शिक्षण संस्थाले विद्यार्थी/अभिभावकसँग सहयोग लिएमा सोको अभिलेख र लेखापरीक्षण र सार्वजनिकीकरणमा जोड दिने।

ङ) पालिकामा दर्ता भएका सबै प्रकारका व्यवसायीहरुलाई नवीकरण गर्दा सबै प्रकारका कर चुक्ताको प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्न लगाउने र व्यवसाय दर्ता नवीकरण गर्दा बहाल कर त्यसैसँग आवद्ध गर्ने।

च) सम्भव भएसम्म सबै वडा नभए केही वडामा मात्र भए पनि एकीकृत सम्पत्ति कर प्रणाली लागू गरी विस्तार गर्दै लैजाने।

छ) गाउँपालिकाबाट वा अन्तर्गत कार्यालयबाट सञ्चालन हुने जुनसुकै कार्यक्रम/आयोजनामा लेख, रचना, प्रश्नपत्र, पुरस्कार लगायतमा अनिवार्य कर कट्टी गर्नुपर्ने।

ज) कर चेतना अभिवृद्धिका लागि प्रवर्द्धनात्मक, सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने।

झ) विद्युतीय उपकरण, प्लाष्टिक, सिसा लगायतका नकुहिने फोहरलाई स्थानीय तहमै पुनःचक्रण गरेमा निःशुल्क र अन्यत्र पैठारी हुने भएमा न्यून शुल्कमा पैठारी गर्ने व्यवस्था मिलाउने।

ञ) निर्यात प्रवर्द्धनका लागि स्थानीय कृषि उपजहरुको बजारीकरण गरी निर्यात शुल्क मिनाहा गर्ने।

ट) प्राकृतिक साधन स्रोतको अधिकतम् उपयोग गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र गर्ने।

ठ) वस्तुभाउ ओसारपसार गर्दा स्वस्थ पशुपंक्षी मात्र ओसारपसारको अनुमति प्रदान गर्न मुख्य नाकाहरुमा पशुपंक्षी जाँच कक्ष/क्वारेन्टाइन स्थापना गरी सम्बन्धित प्राविधिक खटाउने ।

ड) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उपयोग गर्न रेमिट हाइड्रो, रेमिट उद्योग लगायतका मोडेल सुरुवात गरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानीको वातावरण सृजना गर्ने ।

ढ) जलविद्युतको प्रचुर सम्भावना रहेकाले आयोजना निर्माण सञ्चालनमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी अन्तरसरकारी वित्त, स्वदेशी तथा विदेशी लगानीको वातावरण निर्माणमा जोड दिने ।

ण) सामाजिक सुरक्षा लगायत सबै प्रकारका सरकारी तथा निजी कारोबारलाई बैंकिङ प्रणालीमा जोड दिने ।

त) किसान तथा यूवा उद्यमीहरुलाई न्यून दरमा ऋण तथा अनुदानको व्यवस्था गरी स्थानीय स्तरमै स्वावलम्बनको विकास गर्ने ।

थ) विद्युत, इन्टरनेट लगायतका पूर्वाधार विकास गरी राजस्व व्यवस्थापन सूचना प्रणाली, स्थानीय सञ्चित कोष व्यवस्थापन सूचना प्रणाली मार्फत वित्तीय सुशासनमा जोड दिने ।

द) राजस्व परिचालनका दृष्टिले गैरकर राजस्वका हालका दरहरुमा यथावत् राख्ने ।

ध) कर तथा गैर कर प्रशासनमा प्रत्यक्ष संलग्न हुने जनशक्तिको जिम्मेवारी र जवाफदेहिता निर्धारण, आवधिक तालिम जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

न) सूचना प्रविधि तथा नयाँ प्रणालीसम्बन्धी पुनर्ताजगी तालिम सञ्चालनका लागि सूचना तथा अभिलेख केन्द्रसँग आवद्ध हुने गरी सुविधा सम्पन्न तालिम कक्ष स्थापना गर्ने ।

ऩ) वन तथा जडिबुटी पैठारीमा डिभिजन वन कार्यालय, प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी व्यवस्थित गर्ने ।

प) राजस्व आम्दानीको विवरण मासिक रुपमा प्रकाशन तथा प्रशारणको व्यवस्था मिलाउने ।

फ) राजस्व संकलन, व्यवसाय दर्ता लगायतका एकीकृत घुम्ती सेवा सबै वडामा सञ्चालन गर्ने ।

ब) कर प्रशासन, व्यवस्थापन लगायत कर सम्बन्धी नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तर्जुमा गरेका मौजुदा कानूनहरुको कार्यान्वयनका लागि प्रवर्द्धनात्मक र दण्डात्मक नीति लागू गर्ने ।

भ) स्थानीय उत्पादन र रोजगारीमा टेवा पुऱ्याउने उद्योग व्यवसायहरुलाई निश्चित अवधिसम्म कर छूटका साथै प्रवर्द्धनको व्यवस्था मिलाउने ।

धन्यवाद !

संयोजक - मनकुमारी बुढा विष्ट

सदस्य - श्री चन्द्रसिंह श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

सदस्य - श्री नमिता पुन, कार्यपालिका सदस्य

सदस्य - श्री नविन्द्र पुन, गाउँसभा सदस्य

सदस्य - प्रतिनिधि, उद्योग वाणिज्य संघ

सदस्य सचिव - श्री बिजय बाँठा मगर, सहायक पाँचौ (लेखा)